# न्यायपालिकाको चौथो रणनीतिक योजना २०७६/०७७-०८०/०८१ को सार्वजनिकीकरण समारोह सम्पन्न

मिति २०७६/०३/३१

मिति २०७६ साल श्रावण १ गतेदेखि लागू हुने न्यायपालिकाको चौथो पञ्चबर्षीय रणनीतिक योजना २०७६/०७७–०८०/०८१ मिति २०७६/०३/३१ गते सर्वोच्च अदालतमा आयोजित एक समारोहका बीच सम्माननीय प्रधानन्यायाधीश श्री चोलेन्द्र शम्शेर ज.ब.राज्युले सार्वजनिक गर्नु भएको छ। ***सबैका लागि न्याय सुनिश्चित गर्ने*** परिलक्ष्यका साथ लागू भएको न्यायपालिकाको चौथो रणनीतिक योजनाले छिटो छरितो, निष्पक्ष र गुणस्तरीय न्याय सम्पादन, न्यायमा पहुँच अभिवृद्धि, न्यायिक सुशासन प्रवर्द्धन, अदालत व्यवस्थापन तथा न्यायपालिकाप्रतिको आस्था र विश्वास अभिबृद्धि गर्ने लक्ष्य निर्धारण गरी तथा उक्त लक्ष्यहरु प्राप्तिका लागि विभिन्न २३ वटा रणनीतिक उद्देश्य र रणनीतिक उद्देश्यहरु अन्तर्गत विभिन्न रणनीतिक कार्यक्रमहरु निर्धारण गरेको छ ।

सार्वजनिकीकरण कार्यक्रममा बोल्दै सम्माननीय प्रधानन्यायाधीश चोलेन्द्र शम्शेर ज.ब.रा.ज्यूले योजनाले निर्धारण गरेका लक्ष्यहरु प्राप्तिका लागि निर्धारित रणनीतिक उद्देश्यहरु अन्तर्गत तय गरिएका रणनीतिक कार्यक्रमहरुको कार्यान्वयनका लागि प्रक्षेपण गरिएको स्रोत साधनको व्यवस्थापनमा सबै निकायहरुको अर्थपूर्ण सहयोगको बैध अपेक्षा रहेको बताउनुभयो ।

उहाँले न्यायपालिकाको योजनाको प्रभावकारी कार्यान्वयनको अन्तिम जिम्मेवारी न्यायिक नेतृत्वमा रहे तापनि न्यायपालिका सुधारको विषय समग्र राष्ट्रको साझा सरोकारको बिषय भएकाले न्यायपालिकाको एक्लो प्रयासले मात्रै विद्यमान चुनौती र सबै अपेक्षाहरु सम्बोधन हुन नसक्ने बताउनुभयो । उहाँले यसका लागि राज्यका सबै

अंग उत्तिकै संवेदनशील बन्दै न्यायपालिकाको चौथो रणनीतिक योजनालाई राष्ट्रिय विकासको मूल प्रबाहमा समाहित गर्नु पर्नेमा जोड दिनुभयो ।

कार्यक्रममा मन्तब्ध राख्नु हुँदै माननीय कानून न्याय तथा संसदीय मामिला मन्त्री श्री भानुभक्त ढकालज्यूले विगतका बर्षहरुमा लागू गरिएको रणनीतिक योजनाहरुको समिक्षा गरी तयार पारिएको न्यायपालिकाको चौथो रणनीतिक योजनाले जनताको विश्वासयोग्य न्यायपालिकाको निमार्णमा ठोस र मूर्त रुपले सहयोग गर्ने विश्वास व्यक्त गर्नु भयो । उहाँले रणनीतिक योजना कार्यान्वयनका चरणमा आवश्यक पर्ने सबै सहयोगका लागि सरकार साथमा रहेको बताउनु भयो ।

यस्तै अर्थमन्त्री माननीय डा. युवराज खतिवडाज्यूले रणनीतिक योजनाले समावेश गरेको न्यायपालिका सुधारका कार्यक्रमहरुका लागि आवश्यक स्रोत व्यवस्थापनमा अर्थ मन्त्रालयको पूर्ण सहयोग रहने प्रतिबद्धता व्यक्त गर्नुभयो । उहाँले रणनीतिक योजना कार्यान्वयनमा सरकार सहकार्य गर्न तयार रहेको पनि स्पष्ट पार्नुभयो ।

कार्यक्रममा सर्वोच्च अदालतका बरिष्ठतम् माननीय न्यायाधीश श्री दीपककुमार कार्कीज्यूले न्यायपालिकाको रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयन गर्न लागि आवश्यक पर्ने अदालतहरुको भौतिक पूर्वाधार कमजोर रहेको अवस्था दर्साउदै सोप्रति सम्बन्धित सरोकारवाला पक्षको ध्यानाकर्षण गराउनु भयो । उहाँले सवै पक्षको व्यापक सहभागितामा तर्जूमा गरिएको रणनीतिक योजना कार्यान्वयनमा सक्रिय रुपमा सहभागी हुन सबैमा आव्हान समेत गर्नुभयो ।

यसैगरी कार्यक्रममा शुभकामना मन्तव्य राख्नुहुदै नेपाल राज्यका महान्यायाधिवक्ता माननीय श्री अग्नीप्रसाद खरेलज्युले न्यायपालिकाको सुधारका लागि विगतमा भएका प्रयासहरुको स्मरण गर्दै अदालत सुधारका लागि तयार भएको प्रस्तुत रणनीतिक योजना कार्यान्वयनमा आवश्यक सहयोग र समन्वयको प्रतिवद्धता व्यक्त गर्नु भयो

। साथै योजनाबद्ध विकास र सुधारको प्रक्रियालाई महान्यायाधिवक्ताको कार्यालयले पनि अगाडि बढाएको प्रसंग उल्लेख गर्दै न्यायपालिकाको सुधार प्रक्रियालाई थप प्रभावकारी बनाउन साझेदारी र सहयोगी निकायहरु बीचका सुधारका साझा क्षेत्रहरु पहिचान गरी सामूहिक प्रयासमा जोड दिनु पर्ने बताउनु भयो ।

नेपाल बार एशोसिएशनका अध्यक्ष वरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठले रणनीतिक योजना कार्यान्वयनमा सरोकारवाला निकाय एक भएर जान सके न्यायपालिकाप्रतिको आस्था र विस्वास अभिबृद्धि हुने बताउनुभयो । विगतका बर्षहरुमा भन्दा यसपटकको रणनीतिक योजनामा न्यायिक सुशासन र जनताको सरोकारका एजेण्डा समावेश रहेको हुँदा यसको कार्यान्वयनका लागि स्रोत साधनको कमी हुन नदिन सरकारलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा सर्वोच्च अदालतका मुख्य रजिष्ट्रार श्री नृपध्वज निरौलाले योजना तर्जूमाको पृष्ठभूमि, योजना तर्जुमाको प्रक्रिया र योजनाका अन्तरवस्तुहरुको जानकारी गराउदै छिटो छरितो र गुणस्तरीय न्याय सम्पादन, न्यायिक सुशासन र न्यायमा पहुँच अभिवृद्धि न्यायपालिकाको सर्वकालिक प्राथमिकताको विषय भएको प्रसंग उल्लेख गर्दै अदालतहरुबाट प्रबाह हुने सेवालाई सेवाग्राही मैत्री र सेवाग्राही केन्द्रित बनाउन अदालतको कार्य क्षेत्रभित्रका न्यायमा पहुँचका अवरोधहरु पहिचान गरी सम्बोधन गर्ने रणनीतिक उद्देश्य निर्धारण गरिएको बताउनुभयो । साथै उहाँले योजनाले निर्धारण गरेको लक्ष्य हासिल गर्नका लागि उपयुक्त कार्य वातावरण सृजना गर्न आवश्यक दक्ष र पर्याप्त मानव संशाधन, भौतिक स्रोत साधन र पूर्वाधार एवं वित्तिय स्रोत साधनको आवश्यकता औल्याउदै सोको व्यवस्थापनमा सम्बन्धित पक्षबाट आवश्यक सहयोग हुने विश्वास व्यक्त गर्दै न्यायाधीश, कर्मचारी लगायत सबै सरोकारवाला पक्षको व्यापक सहभागीतामा तयार भएको योजनाको प्रभावकारी कार्यान्वयनका लागि सक्रियताका साथ लाग्न सबैलाई आव्हान गर्नु भयो।

कार्यक्रममा सर्वोच्च अदालतका माननीय न्यायाधीशहरु, न्यायपरिषद्का माननीय सदस्यहरु, राष्ट्रिय न्यायिक प्रतिष्ठानका कार्यकारी निर्देशक, उच्च अदालत पाटनका माननीय मुख्य न्यायाधीश, कानून आयोगका अध्यक्ष, विशेष अदालत तथा काठमाडौं उपत्यकास्थित विभिन्न न्यायाधिकरणका अध्यक्ष माननीय न्यायाधीशहरु तथा उच्च अदालतका माननीय न्यायाधीश एवम् नेपाल ल क्याम्पस लगायत विभिन्न कानून क्याम्पसका प्रमुखहरुको सहभागीता रहेको थियो। साथै उक्त कार्यक्रमाम कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव, नायव महान्यायाधिवक्ता, सर्वोच्च अदालतका रजिष्ट्रार, न्यायपरिषद्का सचिव, नेपाल प्रहरीका महानिरिक्षक लगायत विभिन्न निकायका उच्च पदस्थ विशिष्ट श्रेणीका अधिकृतहरु र न्यायापालिकाको चौथो पञ्चवर्षीय रणनीतिक योजना तर्जुमा कार्य समूहमा संलग्न उच्च तथा जिल्ला अदालतका माननीय न्यायाधीश र उच्च पदस्थ अधिकृत एवम् योजना तर्जुमा प्रक्रियामा परामर्श सेवा प्रदान गर्नु हुने विषय विज्ञहरु एवम् सर्वोच्च अदालत र उपत्यकास्थित विभिन्न अदालतमा कार्यरत कर्मचारीहरुको व्यापक सहभागिता रहेको थियो।

उक्त कार्यक्रममा सर्वोच्च अदालतका रजिष्ट्रार श्री लालबहादुर कुँवरले न्यायपालिकाको चौथो रणनीतिक योजनाको सार्वजनिकीरण कार्यक्रमका सहभागीहरुलाई स्वागत गर्दै कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो भने उक्त कार्यक्रमको सञ्चालन सर्वोच्च अदालतका सहरजिष्ट्रार एवम् योजना तर्जुमा कार्य समूहका सदस्य सचिव श्री भद्रकाली पोखरेलले गर्नुभएको थियो ।

सर्वोच्च अदालत